तयार पार्ने : युवराज संग्रौला

# समस्या: बहिष्करण

## समस्या सम्बोधन गर्ने उपायहरु

राज्यका नीति तथा निकायहरुको पुन:संरचना ४ वटा मुख्य सिद्धान्तहरुबाट निर्देशित हुनुपर्छ : (१) बहुलवाद-संविधानले राजनीतिक दल तथा उनीहरुका क्रियाकलापमा रोक लगाउने निर्वाचन इकाइलाई प्रतिषेध गर्नुपर्छ, (२) निरपेक्षतावाद- संविधानले एक धर्म, भाषा वा संस्कृतिमा जोड दिने निर्वाचन इकाइहरुलाई प्रतिषेध गर्नुपर्छ, (३) आर्थिक र सामाजिक अधिकार - संविधानले प्रत्येक निर्वाचन इकाइहरुलाई आर्थिक र सामाजिक अधिकारका आधारभूत आवश्यकता र मौलिक हकको रुपमा पहिचान गर्न वाध्य पार्नुपर्छ र (४) शक्ति निक्षेपन - निर्वाचन इकाइहरुमा स्वशासन र आत्म निर्णयको अधिकारलाई स्थानीय शासन इकाइहरुसम्म निक्षेपन गर्नुपर्छ ।

## राज्य इकाइहरुका संरचना: दुईवटा आधारभूत स्वरुपहरु विचारणीय छन्

- १. निर्धारित स्वरुप: राज्य इकाइहरुका अधिकारहरु संविधानमा नै स्पष्ट व्यवस्था गरिएको हुन्छ । यस स्वरुप अन्तर्गत राज्य इकाइहरुले संविधानले तोकेका अधिकारहरु मात्र प्रयोग गर्न सक्छन् । यसको अर्थ सम्पूर्ण शक्ति केन्द्रिय निकायमा निहित रहन्छ ।
- २. अनिर्धारित स्वरुप: संविधानमा राज्य इकाइहरुका अधिकारहरुको बारेमा व्यवस्था गरिएको हुँदैन त्यसकारण तिनीहरुले असिमित अधिकार प्रयोग गर्न पाउँछन् । यसको अर्थ केन्द्रिय निकायमा सीमित शक्ति निहित रहन्छ ।

## समावेशीको संरक्षणका लागि रणनीतिहरु

### पहाड र हिमालहरु

- केन्द्रिय व्यवस्थापिका र राज्य इकाइहरुमा जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व
- पहाडी दलितहरु: जनसंख्याको आधारमा केन्द्र तथा राज्य निर्वाचन इकाइहरुमा प्रतिनिधित्वका लागि आरक्षण
- राउटे जस्ता पहाडि अल्पसंख्यकहरु: केन्द्र तथा राज्य इकाइहरुमा प्रतिनिधित्वका लागि आरक्षण

### तराई

- केन्द्रिय व्यवस्थापिका तथा राज्य इकाइहरुमा जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व
- तराई दलितहरु : जनसंख्याको आधारमा केन्द्र लगायत राज्य इकाइहरुमा प्रतिनिधित्वका लागि आरक्षण
- सन्थान जस्ता तराईका अल्पसंख्यकहरु : केन्द्र लगायत राज्य इकाइहरुमा प्रतिनिधित्वका लागि आरक्षण

## संविधानसभाको निर्वाचन

- सामाजिक र आर्थिक समन्याय : संविधानद्वारा आर्थिक र सामाजिक अधिकारलाई मौलिक हकको रुपमा पहिचान गरी संरक्षण ।
- राजनीतिक समन्याय: जनसंख्याका सबै समूहहरुका राजनीति र शासनमा सहभागिताको प्रत्याभूति ।
- सामूहिक अधिकारको पहिचान र संरक्षण : सांस्कृतिक र भाषिक अधिकारको सम्मान र राष्ट्रिय एकताका लागि जनसंख्याको विविधताको पहिचान ।

यी उद्देश्यहरु प्राप्तिका लागि ३ संयन्त्रहरुको प्रयोग गरिन्छ ।

- राज्यशक्तिको तेर्सो विभाजन - शक्ति पृथकिकरणको सिद्धान्त
  - यस मुद्दालाई केन्द्रमा रहेका दुई स्वतन्त्र सभाहरुले सम्बोधन गर्नेछन् । डेपुटीहरुको सभा राजनीतक प्रतिस्पर्धाको आधारमा निर्वाचित हुनेछ ।
- राज्य शक्तिको ठाडो विभाजन: जनतासम्म शक्ति निक्षेपनको सिद्धान्त
  - संघीय निर्वाचन इकाइले केन्द्रिय निकायको शक्तिलाई निक्षेपन गर्छ । ऐतिहासिक, भाषिक, भौगोलिक, पर्यावरणीय र सांस्कृतिक पक्षहरुका साथै स्थान विशेषको पहिचानलाई कुनै प्रान्तभित्र विशेष निर्वाचन क्षेत्रको राजनीतिक सीमा निर्धारणका लागि समायोजकका रुपमा प्रयोग गर्न सकिन्छ ।

## केन्द्रिय निकाय

- डेपुटी (उप विधायक) हरुको सभा
  - जनसंख्याको निरपेक्ष प्रसिद्धि र भूगोलको आधारमा निर्धारित राजनीतिक क्षेत्र र विचारका आधारमा निर्वाचित यस सभालाई निम्न मुद्दाहरुमा निर्णय गर्ने अधिकार हुन्छ : (१) राष्ट्रिय सुरक्षा, (२) अर्थ, (३) विकासका लागि राष्ट्रिय योजना र (४) फौजदारी न्यायको व्यवस्थापन र मानव अधिकार लागू गर्नका लागि निरीक्षण
- राष्ट्रिय सभा
  - जातीय समूह, आदिवासी समूह, भाषिक समूह र जनजाति समूहको समानुपातिक जनसंख्याको आधारमा राष्ट्रिय सभा निर्वाचित हुनेछ । यो सभा र डेपुटीहरुको संयुक्त सभा संविधान संशोधनका लागि जिम्मेवार हुनेछ । साथै राष्ट्रिय सभाले आर्थिक र सामाजिक मामिलासम्बन्धी कानुन र राष्ट्रका सामाजिक र सांस्कृतिक जीवन, भाषा, संघीय इकाइहरुबीचको सम्बन्ध तिनीहरुबीच विवाद समाधान सम्बन्धी कानुन बनाउनेछ ।

सर्वाधिकार : काठमाडौं स्कुल अफ ल